संघीय संसद
प्रतिनिधि सभा
दशौं अधिवेशन
बैठक संख्या - ३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल पुस ७ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडिको वेलमा आई विभिन्न नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रिय हितलाई ध्यानमा राखी कार्यसम्पादन गर्नु र सरकारलाई गर्न लगाउनु संसदको मुख्य कर्तव्य भएकोतर्फ सम्पूर्ण मा० सदस्यहरुको ध्यानाकर्षण गराउँदै संघीय संसद एवं संसद सदस्यले स्वीकृत विधि, पद्धति एवं प्रकृया पालना गर्ने कुरामा अझै बढी संवेदनशील एवं प्रतिवद्ध हुन र सभाको नियमित प्रकृयामा प्रवेश गरी आफ्ना असहमतिहरुलाई राख्न अनुरोध गर्नुभयो । उहाँले नेपालको संविधानको धारा १०५ र प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ६ को उपनियम (६) एवं नियम २१ को खण्ड (ख), (ग) र (घ) का प्रावधानहरुको पालनाको लागि पुनः अनुरोध गर्नुभयो । साथै उहाँले कार्यव्यवस्था परामर्श समितिको बैठकमा मा० सदस्यहरुले सदनमा बोल्न पाउनुपर्छ, सदन अवरुद्ध हुँदा जनतामा निराशाको भाव पैदा हुनसक्ने भनी भन्नुभएकोले मा० सदस्यहरुले बैठक सुचारु गर्न सहयोग गरी आफ्ना मतभेद र भनाई पनि राख्ने तथा अन्य मा० सदस्यहरुको पनि भनाई सुन्ने वातावरण बनाउन र सदन सहज सञ्चालनको लागि सहयोग गर्न विशेष आग्रह गर्नुभयो ।

त्यसपछि पनि नारा लगाउने क्रम जारी रहेपछि सम्माननीय सभामुखले दैनिक कार्यसूचीको कार्यक्रम अगाडि बढाउनु हुँदै राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले मौजुदा मन्त्रिपरिषद्का माननीय रक्षा मन्त्री डा. मीनेन्द्रप्रसाद रिजालले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम मन्त्री पदबाट राजीनामा दिनुभएकोले सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिशमा रक्षा मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।
>
> (तोयनारायण ज्ञवाली)
>
> मिति : २०७८/९/५ सचिव

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ९४ को उपनियम (१) बमोजिम मा० श्री प्रेम सुवालबाट "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, २०७८" लाई अस्वीकार गर्ने सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात उक्त सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो प्रस्तावको व्यहोरा पढी वक्तव्य दिनुभयो ।

त्यसपछि मा० गृह मन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले अध्यादेश अस्वीकार गर्ने सूचना प्रस्तुत गर्ने क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि मा० श्री प्रेम सुवालले आफ्नो प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तदुपरान्त मा० श्री प्रेम सुवालले पेश गर्नुभएको "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने प्रस्ताव अस्वीकृत भएकोले मा० गृह मन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ९४ को उपनियम (१) बमोजिम मा० श्री प्रेम सुवालबाट "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७८" लाई अस्वीकार गर्ने सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो प्रस्तावको व्यहोरा पढी वक्तव्य दिनुभयो ।

तदुपरान्त मा० गृह मन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले अध्यादेश अस्वीकार गर्ने सूचना प्रस्तुत गर्ने क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० श्री प्रेम सुवालले आफ्नो प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

त्यसपछि मा० श्री प्रेम सुवालले पेश गर्नुभएको "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने प्रस्ताव अस्वीकृत भएकोले मा० गृह मन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ९४ को उपनियम (१) बमोजिम मा० श्री प्रेम सुवालबाट "सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७८" लाई अस्वीकार गर्ने सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो प्रस्तावको व्यहोरा पढी वक्तव्य दिनुभयो ।

तदुपरान्त मा० गृह मन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले अध्यादेश अस्वीकार गर्ने सूचना प्रस्तुत गर्ने क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० श्री प्रेम सुवालले आफ्नो प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले "सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

त्यसपछि मा० श्री प्रेम सुवालले पेश गर्नुभएको "सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने प्रस्ताव अस्वीकृत भएकोले मा० गृह मन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले "सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ९४ को उपनियम (१) बमोजिम मा० श्री प्रेम सुवालबाट "रेल्वे अध्यादेश, २०७८" लाई अस्वीकार गर्ने सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो प्रस्तावको व्यहोरा पढी वक्तव्य दिनुभयो ।

तदुपरान्त मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री रेनुकुमारी यादवले अध्यादेश अस्वीकार गर्ने सूचना प्रस्तुत गर्ने क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० श्री प्रेम सुवालले आफ्नो प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले "रेल्वे अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

त्यसपछि मा० श्री प्रेम सुवालले पेश गर्नुभएको "रेल्वे अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने प्रस्ताव अस्वीकृत भएकोले मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री रेनुकुमारी यादवले "रेल्वे अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुतबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७८ साल पुस १८ गते आइतबार दिनको १:०० बजे बस्नेगरी दिनको १:५५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव